## म माथि उल्लेखित सूचीबद्ध समूह मध्येको एक हो, मलाई किन पर्खनु पर्छ?

कोभीड-१९ खोपहरू प्रत्येक ब्याच निर्माण भएपछी उपलब्ध हुनेछन् किनकी तिनीहरू प्रयोगको लागि अनुमोदित छन्।

त्यसैले उच्च जोखिममा भएकाहरुलाई रक्षा गर्न प्रत्येक खुराक आवश्यक छ। पर्याप्त खोप उपलब्ध हुने बित्तिकै तपाईंलाई बोलाइनेछ।

केहि मानिसहरु जो घरमै बसु पर्ने छन् वा केयर होममा बस्छन् र जो स्थानीय खोप केन्द्रमा पुग्न सक्दैनन्, उनीहरुलाई सही प्रकारको खोपको आपूर्तिको लागि पर्खनु पर्दछ। किनभने केहि खोपहरू मात्र घरहरुमा ढुवानी गर्न सकिन्छ।

## मैले मेरो कोभीड-१९ खोप कहाँ पाउन सक्छु?

खोपहरू सेटिंग्सको दायरामा उपलब्ध गराइने छन्। केही खोप टोलीहरू खोप दिनकोलागी मानिसहरू भेट्न जान्छन्, उदाहरणका लागि हेरचाह गर्ने घरहरूमा, अन्य व्यक्ति नजिकको केन्द्रमा जान सक्छ। किनभने केही खोप एकदम कम तापक्रम फ्रिजरमा भण्डारण गर्नुपर्दछ, तपाई आफ्नो सामान्य जीपी सर्जरीमा खोप लिन सक्नुहुन्न।

## यदि मलाई उपलब्ध गराइएको केन्द्रमा पुग्न सजिलो छैन भने के हुन्छ?

तपाईंले प्रस्ताव गरेको खोप केन्द्रमा उपस्थित हुनकोलागी प्रयास गर्नुहोस्। यदि तपाईं त्यो केन्द्रमा उपस्थित हुन सक्नुहुन्न भने तपाईंले खोप लाउनकोलागी अझ सुविधाजनक स्थान पर्खनु पर्न सक्छ।

## के म कोभीड-१९ खोपको लागि निजी तबरले वा फार्मेसीमा भुक्तान गर्न सक्छु?

होईन, कोभीड-१९ खोप एनएचएस मार्फत मात्र योग्य समूहहरूलाई उपलब्ध छ र यो निःशुल्क खोप हो।

कृपया कोरोनाभाइरस पहेंलो कार्डको खोजी गरेर सम्भावित नकारात्मक असर  सहित तपाईंको खोपको बिस्तृत जानकारीहरूको लागि उत्पादन जानकारी पुस्तिका पढ्नुहोस्।

तपाईं उही वेबसाइटमा वा पहेलो कार्ड अनुप्रयोग डाउनलोड गरेर शंकास्पद नकारात्मक असर पनि रिपोर्ट गर्न सक्नुहुनेछ।

coronavirus-yellowcard.mhra.gov.uk

खोप जोखिममा पर्ने ती सबैलाई मद्दत गर्ने सुरक्षा गर्न।

यदि तपाईंलाई कोभीड-१९ खोपका बारे थप जानकारी आवश्यक छ भने कृपया www.nhs.uk/covidvaccination मा जानुहोस्

© Crown Copyright 2020.
COV2020308V2NE 5M 1p JAN (APS) 2021
जन स्वास्थ्य इङ्गल्याण्ड गेटवे नम्बर: 2020503
तपाईं www.healthpublications.gov.uk मा यी नि: शुल्क पर्चाहरु अझ बढी मगाउन  सक्नुहुनेछ



Public Health England

NHS

# कोभीड-१९ खोप

# मलाई किन पर्खनु पर्छ



कोभिड-१९ खोप आपूर्तिको बारेमा जानकारी

कोभीड-१९ खोप
आफैलाई बचाउनुहोस्।

Withdrawn June 2021

कोभीड-१९ को जटिलताबाट जोखिममा पर्ने मानिसहरूलाई सबैभन्दा पहिले खोप दिइन्छ।

बेलायतमा, दुईवटा स्वीकृत कोभीड-१९ खोपहरू छन्। ती दुबैलाई लामो दिगो सुरक्षा प्रदान गर्न दुई मात्रा खुराकहरूको आवश्यक छ। दुबै क्लिनिकल परीक्षणहरूमा प्रभावकारी देखाइएको छ र एउटा राम्रो सुरक्षा रेकर्ड छ।

विज्ञहरूको स्वतन्त्र समूहले सिफारिस गरेको छ कि एनएचएसले सबैभन्दा पहिले यी खोपहरू रोग सार्ने र गम्भीर जटिलता भोग्ने वा कोभीड-१९ बाट मर्ने जोखिममा पर्नेहरूलाई प्रदान गर्दछ। यसमा हेरचाह गृहहरूका बृद्ध वयस्कहरू र अग्रणी स्वास्थ्य र सामाजिक हेरचाहकर्ताहरू समावेश छन्।

जब अधिक खोप उपलब्ध हुन्छ, खोपहरू अन्य मानिसहरूलाई जोखिममा चाँडो भन्दा चाँडो उपलब्ध गराइनेछ।

## तपाईंले खोप तब पाउनुहुन्छ जब तपाई प्रस्ताव छ यदी तपाई:

हेरचाह गृहमा बस्दै आएका बृद्ध वयस्कहरुको लागि



एक अग्रणी स्वास्थ्य हेरचाहकर्ता



एक अग्रणी सामाजिक हेरचाहकर्ता



वृद्धका लागि हेरचाह गर्ने घरमा काम गर्ने एक हेरचाहकर्ता



## त्यसपछि खोप पनि उमेरको क्रममा प्रदान गरिनेछ:

- ८० बर्ष भन्दा माथिका
- ७५ बर्ष भन्दा माथिका
- ७० बर्ष भन्दा माथिका
- एनएचएस कवच भएका बिरामी सूचीमा वयस्कहरू
- ६५ बर्षहरू भन्दा माथिका
- दीर्घकालिन अवस्थाहरू भएका ६५ बर्ष भन्दा मुनिका वयस्कहरू (सूची हेर्नुहोस्)।

यो ५०-६४ वर्ष उमेर भएकाहरूलाई पछि उपलब्ध गराइने छ।

**कृपया तपाइँको पालो पर्खनुहोस्। यदि तपाईं माथिको समूहमा हुनुहुन्न भने, तपाईंले थप आपूर्ति उपलब्ध नभएसम्म कोभीड-१९ खोपको लागि पर्खनु पर्नेछ।**

**जब अधिक खोप उपलब्ध हुन्छ हामी जनसंख्याको अधिक समूहलाई यो प्रस्ताव गर्नेछौं।**

### चिकित्सकीय अवस्थाहरूको सूची:

- रगत क्यान्सर (जस्तै ल्युकेमिया, लिम्फोमा वा माईलोमा)
- मधुमेह
- डिमेंशिया
- मुटुको समस्या
- छातीको गुनासो वा सास फेर्न कठिनाइ, ब्रोन्काइटिस, एम्फाइसेमा वा गम्भीर दम सहित
- मिर्गौला रोग
- कलेजो रोग
- रोग वा उपचारको कारण प्रतिरोधात्मक क्षमता कम भएको (जस्तै एचआईभी संक्रमण, स्टेरोइड औषधि, किमोथेरापी वा रेडियोथेरापी)
- संधिशोथ, लुपस वा सोरायसिस
- अंग प्रत्यारोपण गरेका
- स्ट्रोक वा ट्रान्जियन्ट इस्केमिक अट्याक (टीआईए) भएको
- न्यूरोलोजी सम्बन्धी वा मांसपेशी अपक्षय हुने अवस्था
- एक गम्भीर वा गहन अध्ययन अक्षमता
- तपाईंको स्प्लीनको समस्या, जस्तै सिकल सेल रोग, वा तपाईंको स्प्लीन हटाइएको छ
- गम्भीर रूपमा अधिक वजन (४० बिएमआई र सो भन्दा माथि)
- गम्भिर मानसिक बिरामी भएका

### साथै खोप निम्न लिखितहरुलाई पनि प्रदान गरिने छ:

- वयस्कहरू जसले बुढा वा अक्षम भएका व्यक्तिको लागि नियमित हेरचाह प्रदान गर्छन्
- लामो समय सम्म नर्सिंग र आवासीय सेटिंग्सहरुमा रहेका युवा वयस्क

Withdrawn June 2021